# कोचिङ केन्द्रको नियमनका लागि दिशानिर्देश

जनवरी 2024

उच्च शिक्षा विभाग, शिक्षा मन्त्रालय

भारत सरकार

## पृष्ठभूमि

1. अधिकांश विद्यार्थीका बढ्दा आत्महत्याका घटना, आगलागीका घटना, सुविधाको अभावलगायत शिक्षण पद्धतिका सन्दर्भमा  निजी कोचिङ केन्द्रसम्बन्धी विषयहरूबारे समय समयमा सरकारको ध्यानाकर्षण हुँदै आएको छ।

2. कुनै पनि नीति अथवा नियमनका अभावमा देशमा अनियन्त्रित निजी कोचिङ केन्द्रहरूको सङ्ख्या निरन्तर बढिरहेको छ। यस्ता केन्द्रहरूले विद्यार्थीहरूबाट अत्यधिक शुल्क लिने,  विद्यार्थीहरूमाथि अनावश्यक तनाव पर्नाले विद्यार्थीहरूले आत्महत्या गर्ने, आगलागी तथा अन्य दुर्घटनाहरूका कारण अनमोल जीवन हानि हुने तथा यी केन्द्रहरूले चलाइरहेका अरू धेरै गलत क्रियाकलापबारे सञ्चार माध्यमले विस्तृत रूपमा जानकारी गराएका छन्।

3. संसद्मा बहस, छलफल अनि प्रश्नहरूका माध्यमले पनि धेरैपल्ट यी विषयहरूको उठान गरिएको छ।

4. . +2 स्तरीय शिक्षाको नियमन राज्य / केन्द्रशासित प्रदेश सरकारहरूको उत्तरदायित्व हो भन्ने मानिएकाले यी संस्थाहरू राज्य / केन्द्रशासित प्रदेश सरकारहरू द्वारा सर्वोत्तम रूपमा विनियमित गरिन्छ।

5. स्टुडेन्ट फेडेरेसन अफ इन्डिया विरुद्ध युओआइ र अन्यका विषयमा सन् 2013 को डब्लुपी नम्बर 456 मा माननीय सर्वोच्च अदालतमा जनहित याचिका दर्ता गरिएको थियो जसमा शिक्षा मन्त्रालय प्रतिवादीहरूमध्ये एक थियो। 03.02. 2017 मा दिइएको आदेशद्वारा यस जनहित याचिकाको मुद्दा निब्ट्याइएको थियो जसमा अन्य कुराहरू सँगसँगै याचिकामा राखिएको विषय महत्त्वपूर्ण भए तापनि मूल रूपमा एउटा नीतिगत विषय हो भन्ने निर्देश दिइएको थियो। कानुनअनुसार विवेचन गर्न सक्ने सम्बन्धित अधिकारीहरू समक्ष  यो विषयको उठान याचिकाकर्ताहरूका लागि खुला रहनेछ।

6. निजी कोचिङको नियमनको विषय संसद् र अशोक मिश्र समितिको प्रतिवेदन दुवैमा विस्तृत छलफलको विषय रहेको परिप्रेक्ष्यमा  मिति 04.04.2017को पत्र सङ्ख्या 32-6/2017-टि.एस.1मार्फत उच्चशिक्षा विभागले राज्य / केन्द्रशासित प्रदेशहरूलाई नियमन गर्न र नियम नमान्ने संस्थाहरूका लागि कठोर अर्थदण्डको व्यवस्थाका लागि पाइला चाल्न अनुरोध गरेको थियो। यस पत्रमा राज्य/ केन्द्र शासित प्रदेशहरूलाई न्यायाधीश रूपनवाल जाँच आयोगद्वारा विद्यार्थीहरूको आत्महत्यालाई सम्बोधन गर्न सुझाइएका बाह्रवटा उपायहरूलाई ध्यानमा राख्न अनुरोध गरिएको थियो।

7. मिति 14.08.2019को पत्र सङ्ख्या 32-6/2017-टी.एस.1मार्फत कोचिङ केन्द्रहरूको नियमनका सन्दर्भमा, राज्यहरू र केन्द्र शासित प्रदेशहरूलाई उचित कानुनी संरचनाका माध्यमबाट उनीहरूको अधिकार क्षेत्रमा कोचिङ केन्द्रहरूको नियमनका लागि आवश्यक कार्यवाही गर्न अनुरोध गरिएको थियो, किनकि यी कोचिङ केन्द्रहरू मध्ये धेरै विद्यालय स्तरमा सञ्चालित हुन्छन् र यसैले राज्य / केन्द्र शासित प्रदेश सरकारका प्रत्यक्ष कार्यक्षेत्रअन्तर्गत पर्दछन्।

8. पुनः, मिति  04.04. 2017 र 14.08.2019का पत्रहरूको सन्दर्भ रहेको मिति  24.12.2020 को पत्र सङ्ख्या 32-18/2020 –टी.एस.1मार्फत राज्यहरू / केन्द्र शासित प्रदेशहरूलाई उचित कानूनी संरचनाको माध्यमबाट विद्यार्थीहरूको

सुरक्षा र प्रतिभूति सुनिश्चित गर्न र अनावश्यक शोषणबाट जोगाउन यी कोचिङ केन्द्रहरूको नियमन गर्न अनुरोध गरिएको थियो।

9. हितधारकहरूसँग विस्तृत छलफलपश्चात 29.07.2020 का दिन राष्ट्रिय शिक्षा नीति 2020 (एनइपी 2020) घोषणा गरिएको हो । एनइपी 2020 का आधारभूत सिद्धान्तहरू मध्ये एउटा **'आजको 'कोचिङ संस्कृति' लाई प्रोत्साहित गर्ने योगात्मक मूल्याङ्कनको सट्टा सिक्नका लागि नियमित रचनात्मक मूल्याङ्कनमा ध्यान केन्द्रित गर्नु हो'।**

10. एनइपी 2020 ले यसको अनुच्छेद 4.36 मा **बोर्ड परीक्षा र प्रवेश परीक्षासहित माध्यमिक विद्यालयका परीक्षाको वर्तमान प्रकृति एवम् परिणामस्वरूप जन्मिएको आजको कोचिङ संस्कृति र यसको हानिकारक प्रभावको पहिचान गर्दछ।**

11. एनइपी 2020 को अनुच्छेद 4.37 ले **कोचिङ लिनु पर्ने आवश्यकता हटाउन बोर्ड र प्रवेश परीक्षाको विद्यमान प्रणालीमा सुधार गर्ने** सुझाव दिएको छ।

12. अनुच्छेद 4.38ले अन्य कुराहरू सँगसँगै **अधिक नमनीयता, विद्यार्थीले छनौट गर्न पाउने र दुईवटा प्रयासमध्ये उत्तमलाई स्वीकार गरिने व्यवस्था, प्राथमिक रूपमा भित्री क्षमताहरूको परीक्षण गर्ने मूल्याङ्कनहरू र चाप कम गर्ने र कोचिङ संस्कृतिलाई दुरुत्साहन गर्ने बोर्ड परीक्षाका थप व्यवहार्य ढाँचाहरू विकास** गर्ने सुझाव दिँदछ।

13. एनइपी 2020 को अनुच्छेद 4.42 मा **'विश्वविद्यालयको प्रवेश परीक्षाको प्रणाली जस्तो थियो त्यस्तै रहनेछ। राष्ट्रिय परीक्षण अभिकरण (एनटीए) ले प्रत्येक वर्ष कम्तीमा दुईपल्ट उच्च गुणवत्तापूर्ण साझा योग्यता परीक्षाका साथै विज्ञान, मानविकी, भाषा, कला र व्यावसायिक विषयहरूमा विशिष्टीकृत साझा विषयसम्बन्धी परीक्षा लिने काम गर्नेछ। यी परीक्षाहरूले अवधारणात्मक बोध र ज्ञान लागु गर्ने क्षमताको परीक्षण गर्नेछ र यी परीक्षाहरूका लागि कोचिङ लिनु पर्ने आवश्यकतालाई हटाउने लक्ष्य राख्नेछ। विद्यार्थीहरूले परीक्षा दिनका लागि विषयहरू चुन्न पाउनेछन्, र प्रत्येक विश्वविद्यालयले प्रत्येक विद्यार्थीको व्यक्तिगत विषय पोर्टफोलियो हेर्न र व्यक्तिगत रुचि र प्रतिभाका आधारमा विद्यार्थीहरूलाई उनीहरूका पाठ्यक्रममा भर्ना गर्न सक्नेछन्'** भनिएको छ।

14. कोचिङ संस्कृतिको निराकरणको रणनीतिसँग सम्बन्धित मुद्दालाई हालै जारी गरिएको राष्ट्रिय पाठ्यक्रम संरचनामा पनि विस्तारपूर्वक छलफल गरिएको छ।

15. सरकारले साझा विश्वविद्यालय प्रवेश परीक्षा (सीयुइटी), तेह्रवटा क्षेत्रीय भाषाहरूमा प्रवेश परीक्षा सञ्चालन गर्ने, उच्च शिक्षा संस्थान (एचइआइ) का आसनहरूको सङ्ख्यामा पर्याप्त बढोत्तरी र अधिकभन्दा अधिक उच्च गुणवत्तापूर्ण उच्चशिक्षा संस्थानहरूको स्थापना जस्ता विषयहरूलाई सम्बोधन गर्न एनइपी, 2020अनुरूप पहल गरेको छ। राष्ट्रिय पाठ्यक्रम संरचना(एनसीएफ) ले हालको अवाञ्छनीय परिस्थितिको निर्माणमा सहयोग पुर्याउने विद्यालयहरूका पाठ्यक्रमसम्बन्धी मुद्दाहरू र बोर्ड परीक्षासँग सम्बन्धित मुद्दाहरू सम्बोधन गर्न सजग रूपमा पाइला चालिरहेको छ।

16. एनइइटी (युजी) र जेइइ (मेन) प्रवेश परीक्षाका लागि विद्यार्थीहरूले राम्रो अभ्यास गर्न सकून् भन्ने उद्देश्यले सहयोग गर्न, राष्ट्रिय परीक्षण अभिकरण(एनटीए) ले परीक्षार्थीहरूलाई अनलाइन निःशुल्क उच्च गुणस्तरको अनुकरणात्मक अभ्यास परीक्षा (मक टेस्ट) मा प्रवेश दिने एउटा मोबाइल एप 'नेसनल टेस्ट अभ्यास' सुरू गरेको छ।

17. यो विषय उपभोक्ता संरक्षण अधिनियम, 1986 का प्रावधानअन्तर्गत भ्रामक विज्ञापनहरू प्रकाशित गर्ने कोचिङ केन्द्र / निजी उच्चशिक्षा संस्थाहरूविरुद्ध आवश्यक कारबाही गर्न उपभोक्ता मामिला विभागसँग पनि चर्चा गरिएको छ।

18. शिक्षा समवर्ती सूचीमा रहेकाले राज्य र केन्द्रशासित प्रदेश सरकारले पनि यस विषयमा सक्रिय कदम चाल्न आवश्यक छ।

19. बिहार कोचिङ संस्थान(नियन्त्रण र नियमन) अधिनियम, 2010 [बिहार अधिनियम 17, 2010], गोवा कोचिङ कक्षा (नियमन) अधिनियम, 2001 (2001को गोवा अधिनियम 27), उत्तर प्रदेश कोचिङ नियमन अधिनियम, 2002 [2002को युपी अधिनियम सङ्ख्या 5], कर्नाटक ट्युटोरियल संस्था (पञ्जीकरण र नियमन) नियम, 2001 [कर्नाटक शिक्षा अधिनियम, 1983 (1995को कर्नाटक अधिनियम, 1) को धारा 145 को उपधारा (1) द्वारा प्रदान गरिएको शक्तिहरूको प्रयोगद्वारा बनाइएको], मणिपुर कोचिङ संस्थान (नियन्त्रण र नियमन) अधिनियम, 2017 (2017 को अधिनियम सङ्ख्या 8) आदि जस्ता उपयुक्त कानुनी संरचनामार्फत विभिन्न राज्य/केन्द्र शासित प्रदेशहरूले आ-आफ्नो अधिकार क्षेत्रमा निजी कोचिङ र ट्युसन कक्षाहरू नियमन गर्न पहल गरेका छन्। राजस्थान कोचिङ संस्थान(नियन्त्रण र नियमन) विधेयक, 2023 पनि सार्वजनिक क्षेत्रमा छ र हालसालै कोचिङ संस्थानमा भर्ना भएका विद्यार्थीहरूको तनाव कम गर्न र मानसिक स्वास्थ्य सुधार गर्न राजस्थान सरकारद्वारा 27. 09.2023 मा दिशानिर्देशहरू जारी गरिएका छन्।

20. निजी कोचिङसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न महत्त्वपूर्ण कदमहरू चालिएको भए तापनि, नियमन नभएका निजी कोचिङ केन्द्रहरूको सङ्ख्यालाई ध्यानमा राख्दै राज्यहरू / केन्द्र शासित प्रदेशहरूले उपयुक्त कानुनी संरचनामार्फत कार्यान्वयनका लागि अपनाउन सक्ने एउटा नमुना दिशानिर्देश / नीति तयार गर्न आवश्यक छ।

21. केन्द्र सरकारले निजी कोचिङ केन्द्रसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्ने र उपयुक्त कानुनी संरचनामार्फत राज्यहरू / केन्द्र शासित प्रदेशहरू द्वारा अपनाउने नमुना दिशानिर्देश / नीति निर्माण गर्ने प्रस्ताव राख्दछ।

## 1. शीर्षक

कोचिङ केन्द्रहरूको पञ्जीकरण र नियमनका लागि दिशानिर्देश 2024।

## 2. दिशानिर्देशको उद्देश्य

कुनै पनि अध्ययन कार्यक्रम, प्रतिस्पर्धात्मक परीक्षा अथवा शैक्षिक सहायताबारे विद्यार्थीहरूलाई राम्रो मार्गदर्शन र सहयोगका लागि कोचिङ केन्द्रको नियमनका लागि दिशानिर्देश प्रदान गर्नु।

## 3. दिशानिर्देशको आवश्यकता

i. कोचिङ केन्द्रको पञ्जीकरण र नियमनका लागि संरचना उपलब्ध गराउने ।

ii. कोचिङ केन्द्र सञ्चालन गर्न न्यूनतम मापदण्डको सुझाव दिने।

iii. कोचिङ केन्द्रमा भर्ना भएका विद्यार्थीको हितको संरक्षण गर्ने ।

iv. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि कोचिङ केन्द्रहरूलाई सह-पाठयक्रम गतिविधिहरूमा पनि ध्यान केन्द्रित गर्न सल्लाह दिने।

v. विद्यार्थीहरूको मानसिक स्वस्थताका लागि क्यारियरसम्बन्धी मार्गदर्शन र मनोवैज्ञानिक परामर्श प्रदान गर्ने।

## 4. परिभाषा

i. "पुनरावेदन अधिकारी" भन्नाले उपयुक्त सरकारद्वारा अधिसूचित अधिकारी भन्ने बुझ्नुपर्छ ।

ii. 'कोचिङ' भन्नाले **50 जनाभन्दा बढी विद्यार्थी**लाई प्रदान गरिने शिक्षण, निर्देशन अथवा मार्गदर्शन भन्ने बुझ्नु पर्छ तर यसमा परामर्श, खेलकुद, नृत्य, नाटक र अन्य सृजनात्मक गतिविधि समाविष्ट हुँदैनन्।

iii. 'कोचिङ केन्द्र' भन्नाले विद्यालय, महाविद्यालय र विश्वविद्यालय स्तरमा **50 जनाभन्दा अधिक विद्यार्थीका लागि** कुनै अध्ययन कार्यक्रम अथवा प्रतिस्पर्धात्मक परीक्षा अथवा शैक्षिक सहायताका लागि कोचिङ प्रदान गर्न कुनै व्यक्तिले स्थापना गरेको, सञ्चालन गरेको वा प्रबन्ध गरेको केन्द्र हो भन्ने बुझ्नु पर्छ।

iv. 'सक्षम अधिकारी' भन्नाले उपयुक्त सरकारद्वारा अधिसूचित अधिकारी भन्ने बुझ्नु पर्छ ।

v. "सरकार" भन्नाले उपयुक्त अधिकारक्षेत्र भएको केन्द्र सरकार, राज्य/केन्द्र शासित प्रदेश सरकार बुझ्नु पर्छ ।

vi. 'संस्था' भन्नाले बोर्डद्वारा मान्यता प्राप्त अथवा नियन्त्रित वा सम्बद्ध अथवा राज्य / केन्द्रशासित प्रदेश सरकारद्वारा नियन्त्रित वा मान्यता प्राप्त विद्यालय अथवा अन्य कुनै शैक्षिक संस्था, मान्यता प्राप्त महाविद्यालय, र सम्बद्ध महाविद्यालय, गठित महाविद्यालय, केन्द्र सरकार वा राज्य / केन्द्र शासित प्रदेश सरकारको अधिनियमअन्तर्गत स्थापित विश्वविद्यालय वा शैक्षिक संस्था भन्ने बुझ्नु पर्छ;

vii. "व्यक्ति" भन्नाले कुनै मान्छे भन्ने बुझ्नु पर्छ र यस शब्दले व्यक्तिहरूको समूह वा निगमगत निकाय अथवा न्यास, व्यावसायिक एकाइ वा समाज अथवा संस्थालाई पनि बुझाउँछ।

viii. 'स्वत्वधारक' भन्नाले पञ्जीकृत अथवा वा पञ्जीकृत हुन चाहने कोचिङ केन्द्रको मालिक भन्ने बुझ्नु पर्छ र यस शब्दले संयुक्त मालिकलाई पनि बुझाउँछ।

ix. 'ट्युटर' भन्नाले कुनै कोचिङ केन्द्रमा विद्यार्थीहरूलाई मार्गदर्शन वा प्रशिक्षण दिने व्यक्ति र विशिष्टीकृत ट्युसन दिने शिक्षक भन्ने बुझ्नु पर्छ।

x. "विश्वविद्यालय" भन्नाले कुनै केन्द्रीय अधिनियम, प्रादेशिक अधिनियम वा राज्य अधिनियमअन्तर्गत वा सो अन्तर्गत स्थापना वा समावेश भएको विश्वविद्यालय भन्ने बुझ्नु पर्छ र विश्वविद्यालय अनुदान आयोग अधिनियमअन्तर्गत यस सम्बन्धमा बनेको नियमअनुसार सम्बन्धित विश्वविद्यालयको परामर्शमा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त गर्न सक्ने कुनै विश्वविद्यालय हो भन्ने बुझ्नु पर्छ ।

## 5. कोचिङ केन्द्रको पञ्जीकरण

i. कुनै व्यक्तिले यस दिशानिर्देशको प्रावधानअनुसार कोचिङ केन्द्रको अग्रिम पञ्जीकरण भएपछि मात्र कोचिङ प्रदान गर्ने अथवा कोचिङ केन्द्रको स्थापना, सञ्चालन, व्यवस्थापन वा रेखदेख गर्नु पर्नेछ ।

ii. दिशानिर्देश कार्यान्वयन भएको मितिमा चलिरहेका कोचिङ केन्द्रले दिशानिर्देश कार्यान्वयन भएको मितिबाट तीन महिनाभित्र पञ्जीकरणका लागि आवेदन गर्नु पर्नेछ ।

iii. जुन सक्षम अधिकारीको स्थानीय अधिकार क्षेत्रभित्र कोचिङ केन्द्र रहेको छ , कोचिङ केन्द्रको पञ्जीकरणका लागि उपयुक्त सरकारले तोकेअनुसारको आवेदन पत्रमा निर्धारित शुल्क र कागजातसहित उनीसमक्ष आवेदन दिनु पर्नेछ।

iv. कुनै कोचिङ केन्द्रका एकभन्दा अधिक शाखा भएका खण्डमा त्यस्ता शाखालाई छुट्टै कोचिङ केन्द्रका रूपमा लिइनेछ र प्रत्येक शाखाको पञ्जीकरणका लागि बेग्लाबेग्लै आवेदन बुझाउनु पर्नेछ।

v. सक्षम अधिकारीले कि त कोचिङ केन्द्रको पञ्जीकरणका लागि आवेदन प्राप्त भएको मितिबाट तीन महिनाभित्र निर्धारित प्रपत्रमा पञ्जीकरण प्रमाणपत्र प्रदान गर्नु पर्नेछ अथवा पञ्जीकरण अस्वीकार गर्नुको कारण लिखित रूपमा दिएर पञ्जीकरण अस्वीकार गरेको आदेशबारे आवेदकलाई जानकारी दिनु पर्नेछ ।

तर पञ्जीकरण अस्वीकार गर्ने कुनै आदेश सम्बन्धित व्यक्तिलाई सुनुवाइको उचित अवसर नदिई पारित गरिने छैन ।

vi. कुनै कारणवश पञ्जीकरण पहिल्यै निरस्त नगरिएको भए पञ्जीकरण प्रमाणपत्रको वैधताको अवधि उपयुक्त सरकारले निर्धारण गर्नेछ।

vii. प्रत्येक पञ्जीकृत कोचिङ केन्द्रले पञ्जीकरणको अवधि समाप्त भएको मितिभन्दा दुई महिना अघि नै उपयुक्त सरकारले निर्धारण गरेअनुसारको शुल्क र कागजातसहित सक्षम अधिकारीसमक्ष पञ्जीकरण प्रमाणपत्र नवीकरणका लागि आवेदन दिनु पर्नेछ।

viii. सक्षम अधिकारीले निर्धारण गरेअनुसारको प्रपत्रमा पञ्जीकरण नवीकरणका लागि आवेदन प्राप्त भएपछि र तोकिएको शुल्क तिरेपछि पञ्जीकरण अवधि समाप्त हुने अघि नै पञ्जीकरण सङ्ख्या नवीकरणको निवेदनमाथि निर्णय गरेर प्रमाणपत्र नवीकरण गर्न सक्नेछ अथवा

पञ्जीकरण अवधि समाप्त हुने अघिनै लिखित रूपमा अस्वीकरणको कारणसहित अस्वीकरणको जानकारी आवेदकलाई दिन सक्नेछ ।

तर पञ्जीकरण अस्वीकार गर्ने कुनै आदेश सम्बन्धित व्यक्तिलाई सुनुवाइको उचित अवसर नदिई पारित गरिने छैन ।

ix. उपयुक्त सरकारले न्यूनतम मानवीय इन्टरफेससहित भौतिक उपस्थिति बिनै कोचिङ केन्द्रको पञ्जीकरणलाई सहजीकरण गर्न वेब पोर्टल/अनलाइन संयन्त्र निर्माण गर्नेछ ।

## 6. पञ्जीकरणका सर्तहरू

i. कुनै पनि कोचिङ केन्द्रले –

**क.** स्नातकभन्दा कम योग्यता भएका शिक्षकहरूलाई नियोजित गर्ने छैन।

**ख.** कोचिङ केन्द्रमा भर्ना गर्नका लागि अभिभावक/विद्यार्थीहरूलाई भ्रामक आश्वासन वा ओहदा वा राम्रो अङ्कको सुनिश्चितता दिने छैन।

**ग.** 16 वर्षभन्दा कम उमेरका विद्यार्थी भर्ना गर्ने छैन अथवा माध्यमिक विद्यालयको परीक्षा पछि मात्र विद्यार्थी भर्ना भएको हुनु पर्नेछ ।

**घ.** कोचिङको गुणस्तर वा कोचिङ केन्द्रमा प्रदान गरिने सुविधा वा कोचिङ केन्द्र वा त्यहाँका कक्षामा उपस्थित रहने विद्यार्थीले प्राप्त गरेको परिणामबारे प्रत्यक्ष वा परोक्ष रूपमा कुनै दाबीसम्बन्धी भ्रामक विज्ञापनको प्रकाशन गर्ने वा गराउने अथवा प्रकाशनमा भाग लिने छैन।

**ङ.** प्रति विद्यार्थी आवश्यक पर्ने न्यूनतम स्थानभन्दा कम स्थान भएमा पञ्जीकरण प्राप्त गर्ने छैन।

**च.** नैतिक पतनजस्तो कुनै अपराधमा अभियुक्त शिक्षक वा व्यक्तिको सेवा लिने छैन।

**छ.** यस दिशानिर्देशको आवश्यकताअनुसारको परामर्श प्रणाली नभएमा पञ्जीकरण प्राप्त गर्ने छैन।

ii. कोचिङ केन्द्रले शिक्षकको शैक्षिक योग्यता, पाठ्यचर्या/पाठ्यक्रम, पूरा हुने अवधि, छात्रावास सुविधा (यदि छ भने) र लिइने शुल्क, सहज बहिर्गमन नीति, शुल्क फिर्ता गर्ने नीति, केन्द्रबाट कोचिङ लिएका विद्यार्थीको सङ्ख्या र अन्ततः उच्च शिक्षा संस्थामा भर्ना हुन सफल भएका विद्यार्थीको सङ्ख्या आदिको अद्यावधिक विवरणसहितको वेबसाइट राख्नेछ ।

iii. कोचिङ केन्द्रले स्थानीय अधिकार क्षेत्रमा लागू हुने छुट्टै पञ्जीकरणसहित विविध कानुन, नियम, विनियम आदि मान्नु पर्नेछ।

## 7. कोचिङ केन्द्रको पञ्जीकरणका लागि दिइने आवेदनसँग संलग्न गर्नु पर्ने कागजातहरू

i. कोचिङ केन्द्रको पञ्जीकरणका लागि दिइने आवेदन पत्रसँग निम्न कुराहरू रहेको स्वत्वधारकको वचनबद्धता पत्र संलग्न गर्नु पर्छ-

क. स्वत्वधारकले 'पञ्जीकृत कोचिङ केन्द्र' शब्द मात्र प्रयोग गर्नेछ र कुनै चिह्नपाटी(साइनबोर्ड) वा कुनै विवरण पत्रिका वा जुनसुकै प्रकृतिको पत्राचार वा सञ्चारमा 'मान्यता प्राप्त' वा 'स्वीकृत' भन्ने शब्दको प्रयोग गर्ने छैन।

ख. संस्थान/विद्यालयहरूमा अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि कोचिङ कक्षाहरू उनीहरूको संस्था/विद्यालयको समयमा सञ्चालन गरिने छैन।

ग. कोचिङ कक्षाका सम्बन्धमा शिक्षकको योग्यतासम्बन्धी आवश्यक जानकारी, कोचिङ कक्षाको समय तालिका, लिइने शुल्क र तोकिएअनुसारको सामान्य जानकारी कोचिङ केन्द्रको परिसरमा रहेको प्रमुख स्थानमा सूचनापाटीमा र वेबसाइटमा राखिनेछ।

घ. स्वत्वधारक वा कोचिङ केन्द्रमा कार्यरत कुनै शिक्षक वा व्यक्ति कुनै प्रकारले नैतिक पतनजस्तो कुनै अपराधमा अभियुक्त ठहरिएमा र शिक्षकको रोजगारीमा कुनै परिवर्तन भएमा तत्काल सक्षम अधिकारीलाई जानकारी गराउनु पर्नेछ।

ङ. स्वत्वधारकले कोचिङ कक्षामा भर्ना हुने विद्यार्थीको निर्दिष्ट सङ्ख्यासम्बन्धी सर्तको पालना गर्नु पर्नेछ।

च. स्वत्वधारकले यस दिशानिर्देशका अन्य सर्तहरूको पालना गर्नु पर्नेछ।

ii. पञ्जीकरण नवीकरणका लागि गरिएको आवेदनसँग पत्रित लेखापाल (चार्टर्ड एकाउन्टेन्ट)ले लेखापरीक्षण गरेको लेखा विवरणको प्रतिलिपि संलग्न गर्नु पर्नेछ।

## 8. शुल्क

i. विभिन्न पाठ्यचर्या/ पाठ्यक्रमको शिक्षण शुल्क न्यायोचित र व्यावहारिक हुनेछ र लिइएको शुल्कको रसिद उपलब्ध गराउनु पर्नेछ।

ii. कोचिङ केन्द्रले विभिन्न पाठ्यचर्या/पाठ्यक्रम, पूरा हुने अवधि, कक्षा, व्याख्यान, ट्युटोरियलका सङ्ख्या, छात्रावासको सुविधा (यदि छ भने) र लिइने शुल्क, सहज बहिर्गमन नीति, शुल्क फिर्ता आदि उल्लेख गरी विवरण पत्रिका जारी गर्नु पर्नेछ। यी विवरणहरू भवन परिसरका प्रमुख र सुलभ स्थानमा पनि प्रदर्शित गर्नु पर्नेछ।

iii. कोचिङ केन्द्रले भर्ना भएका विद्यार्थीलाई विवरण पत्रिका, नोट्स र अन्य सामग्री कुनै छुट्टै शुल्क नलिई उपलब्ध गराउनु पर्नेछ।

iv. यदि विद्यार्थीले पाठ्यचर्याका लागि पूर्ण रूपमा भुक्तानी गरेको छ र निर्धारित अवधिको बीचमा पाठ्यचर्या छोड्दैछ भने, विद्यार्थीले बाँकी अवधिका लागि पहिले जम्मा गरेको शुल्कमध्येबाट 10 दिनभित्र आनुपातिक आधारमा शुल्क फिर्ता गर्नु पर्नेछ। यदि विद्यार्थी कोचिङ केन्द्रको छात्रावासमा बसिरहेको छ भने छात्रावास शुल्क र भोजन शुल्क आदि पनि फिर्ता गर्नु पर्नेछ।

v. जुन शुल्कका आधारमा निश्चित पाठ्यचर्या र अवधिका लागि विद्यार्थी भर्ना गरियो, पाठ्यचर्या चलिरहेका बेला त्यो शुल्क कुनै हालतमा बढाइने छैन।

## 9. पूर्वाधारसम्बन्धी आवश्यकताहरू

i. कोचिङ केन्द्रको आधारभूत संरचनाभित्र, कक्षा चलेको / टोली भेला भएको समयमा प्रत्येक विद्यार्थीका लागि न्यूनतम एक वर्गमिटर क्षेत्र आवन्टित गर्नु पर्नेछ। भर्ना भएका विद्यार्थीको सङ्ख्याका अनुपातमा पर्याप्त पूर्वाधार रहने छ ।

ii. कोचिङ केन्द्र रहेको भवनले अग्नि सुरक्षा नियमावली, भवन सुरक्षा नियमावली र अन्य मापदण्डहरूको पालना गर्नु पर्नेछ र उपयुक्त सरकारले निर्णय गरेअनुसार उपयुक्त अधिकारीहरूबाट अग्नि तथा भवन सुरक्षा प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ ।

iii. विद्यार्थीहरूको सहयोगका लागि कोचिङ केन्द्रमा प्राथमिक उपचार सामग्री र चिकित्सा सहायता/उपचार सुविधा रहनेछ । अस्पतालहरू, आपातकालीन सेवाका लागि चिकित्सकहरू, पुलिस सहायता विवरणहरू, अग्नि सेवा सहायता, महिला सहायता आदि जस्ता निर्देशपरक सेवाहरूको सूची प्रदर्शन गरिनेछ र विद्यार्थीहरूलाई उनीहरूबारे सूचित गरिनेछ।

iv. कोचिङ केन्द्र रहेको भवन पूर्ण रूपमा विद्युतीकरण गरिएको , राम्रोसँग हावा आवतजावत हुनुपर्ने छ र भवनको प्रत्येक कक्षाकोठामा पर्याप्त उज्यालोको व्यवस्था गरिएको हुनु पर्नेछ ।

v. केन्द्रका सबै विद्यार्थी र कर्मचारीका लागि सुरक्षित र पिउने योग्य पानी उपलब्ध गराउनु पर्नेछ ।

vi. कोचिङ केन्द्रमा आवश्यकताअनुसार सिसीटिभी क्यामेरा जडान गरी सुरक्षाको समुचित व्यवस्था मिलाउनु पर्नेछ।

vii. विद्यार्थीले गुनासो गर्नका लागि कोचिङ केन्द्रमा गुनासो बुझाउने पेटिका अथवा रजिस्टर राख्नु पर्नेछ। कोचिङ केन्द्रमा विद्यार्थीका गुनासा/दुखेसाको समाधानका लागि समिति रहनेछ।

viii. कोचिङ केन्द्रको भवन परिसरभित्र महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिनु पर्ने छ ।

## 10. पाठ्यक्रम

### 10.1 कक्षाहरू

i. कोचिङ केन्द्रले विवरण पत्रिकामा उल्लेख भएअनुसार निर्धारित समयमा कक्षा सम्पन्न गर्ने प्रयास गर्नेछ।

ii. संस्थान/विद्यालयहरूमा अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि, संस्थान/विद्यालयहरूमा उनीहरूको नियमित उपस्थिति अप्रभावित रहोस् र नियमित उपस्थित हुनु नपर्ने विद्यालयहरूबाट जोगिन सकियोस् भन्ने उद्देश्यले कोचिङ कक्षाहरू उनीहरूको संस्थान/विद्यालयको समयमा सञ्चालन गरिने छैन।

iii. आफ्नो शिक्षामा थप सहयोगको आवश्यकता पर्ने विद्यार्थीहरूलाई सुधारात्मक अथवा समर्थन कक्षाहरू प्रदान गरियोस्।

iv. विद्यार्थीहरूलाई आराम गर्न र पुनः ऊर्जा प्राप्त गर्न र उनीहरूमाथि थप दबाब सिर्जना हुन नदिन पाठ्यक्रम/कक्षाको समयतालिका उपयुक्त तरिकाले छुट्याइयोस् ।

v. कोचिङ केन्द्रले विद्यार्थी तथा शिक्षकका लागि साप्ताहिक बिदा निश्चित गर्नेछ ।

vi. साप्ताहिक बिदाको अर्को दिन कुनै मूल्याङ्कन–परीक्षण/परीक्षा हुने छैन ।

vii. सम्बन्धित क्षेत्रका महत्त्वपूर्ण र लोकप्रिय चाडबाडका समयमा कोचिङ केन्द्रले विद्यार्थीहरूलाई आफ्नो परिवारसँग जोडिन र भावनात्मकता बढाउन पाउने गरी बिदाको अनुकूलन गर्नेछ ।

viii. कोचिङ केन्द्रले विद्यार्थीका लागि बोझ नहुने गरी कोचिङ कक्षा सञ्चालन गर्नु पर्नेछ। दिनमा कोचिङ कक्षाको समय 5 घण्टाभन्दा बढी हुनुहुने छैन र कोचिङको समय बिहान धेरै चाँडो वा साँझ धेरै ढिलो हुनुहुने छैन ।

ix. विद्यार्थीहरूको समग्र विकास र संज्ञानात्मक क्षमताको अभिवृद्धिका लागि कोचिङ केन्द्रहरूले सह-पाठयक्रम गतिविधिहरूका लागि कक्षाहरू सञ्चालन गर्नेछन्। कोचिङ केन्द्रहरूले मुख्य विषयहरू पढाउनुका साथै शिक्षक, कर्मचारी र सबै विद्यार्थीहरूका लागि जीवन कौशल, वैज्ञानिक मनोवृत्ति र प्रमाण-आधारित सोचको विकास, रचनात्मकता र नवप्रवर्तनमूलकता; स्वस्थता, प्रसन्नता, भावनात्मक बन्धन र मानसिक स्वस्थता, उमेरअनुसारका चुनौतीहरू, प्रेरणा; सहकार्य र सामूहिक रूपमा गरिने काम; समस्या समाधान र युक्तिसङ्गत तर्क; सदाचारसम्बन्धी र नैतिक तर्क; मानवीय र संवैधानिक मूल्यहरूको ज्ञान र अभ्यास; व्यक्तिगत सुरक्षा (लैङ्गिक संवेदनशीलता र दुर्व्यवहार रोकथाम); मौलिक कर्तव्यहरू; नागरिकतासम्बन्धी कौशल र मूल्यहरू; भारतसम्बन्धी ज्ञान; पर्यावरणसम्बन्धी जागरुकता, सरसफाइ र स्वच्छता आदिबारे परामर्श सत्रहरू पनि आयोजित गर्नुपर्ने छ।

### 10.2 कोचिङ केन्द्रहरूका लागि आचार संहिता

i. प्रत्येक कक्षा/टोलीमा भर्ना गरिने विद्यार्थीहरूको सङ्ख्या विवरणपत्रिकामा स्पष्ट रूपमा उल्लेख गरी वेबसाइटमा प्रकाशित गरियोस् । पाठ्यचर्या चलिरहेका बेला भर्ना गरिने विद्यार्थीहरूको सङ्ख्या कुनै हालतमा बढाइने छैन।

ii. भर्ना भएका विद्यार्थीहरूको सङ्ख्या प्रत्येक कक्षामा स्वस्थ शिक्षक-विद्यार्थी अनुपात कायम राख्ने र शिक्षक र परामर्शदाताहरूसँग सम्बन्ध निर्माण गर्ने थप अवसरहरू सिर्जना गर्ने आवश्यकताअनुरूप हुनु पर्नेछ । विद्यार्थीहरूले शिक्षकसँग सम्पर्क राख्न सकेका छन् र विद्यार्थीको पर्दा/ कालोपाटीसम्म सहज पहुँच र दृश्यता छ भन्ने कुरा सुनिश्चित गर्नु पर्नेछ।

iii. कोचिङ केन्द्रले 16 वर्ष भन्दा कम उमेरका विद्यार्थी भर्ना गर्न पाउने छैन वा माध्यमिक विद्यालयको परीक्षा पछि मात्र विद्यार्थी भर्ना गर्नु पर्नेछ ।

iv. पाठ्यक्रममा भर्ना हुनुभन्दा अघि विद्यार्थीलाई परीक्षा र पाठ्यक्रमको कठिनाइ, विद्यार्थीबाट आवश्यक प्रयास र तयारीको गहनताको स्तरबारे विद्यार्थीहरूलाई राम्ररी अवगत गराइनेछ।

v. विद्यार्थीहरूलाई शैक्षिक वातावरण, सांस्कृतिक रहनसहन, वास्तविकता र विद्यालय स्तरको परीक्षा र प्रतियोगितात्मक परीक्षाबीचको तयारीको भिन्नताबारे सचेत गराइनेछ ।

vi. अभियान्त्रिकी र चिकित्सा संस्थानमा भर्ना हुने विकल्पबाहेक विद्यार्थीहरूलाई आफ्नो भविष्य बारे तनाव नहोस् र वैकल्पिक वृत्तिको नयाँ विकल्प रोज्न सकोस् भनेर अन्य वृत्तिका विकल्पहरूको बारेमा जानकारी प्रदान गरियोस् ।

vii. विद्यार्थीको क्षमता मूल्याङ्कन गर्न प्रवेश वा नमुना परीक्षा सञ्चालन गर्न सकिनेछ । विद्यार्थीको क्षमता र रुचिका आधारमा कोचिङ केन्द्रले विद्यार्थीको क्षमताअनुसार गर्न सकिने वास्तविक अपेक्षाबारे अभिभावकलाई जानकारी गराउने छ र अघिको बाटो सुझाउन सक्नेछ।

viii. चिकित्सा, अभियान्त्रिकी, प्रबन्धन, कानुन आदिसम्बन्धी संस्थामा भर्ना हुन वा प्रतिस्पर्धात्मक परीक्षामा उत्तीर्ण हुनका लागि कोचिङ केन्द्रमा भर्ना गर्दा सफलताको निश्चितता हुँदैन भन्नेबारे विद्यार्थी तथा अभिभावकलाई जानकारी गराउनु पर्नेछ ।

ix. कोचिङ केन्द्रले मानसिक स्वास्थ्यसम्बन्धी पेसेवरहरूसँगको सहकार्यमा विद्यार्थीको मानसिक स्वास्थ्यसम्बन्धी आवधिक कार्यशाला तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

x. कोचिङ केन्द्रले विद्यार्थी तथा अभिभावकलाई अध्यापन, पाठ्यचर्याको समयावधि र कोचिङ केन्द्रमा उपलब्ध सुविधाबारे सचेत गर्नु पर्दछ । तिनीहरूलाई अनावश्यक मानसिक चाप र छोराछोरीबाट गरिएको आशाको बोझले पार्ने नकारात्मक प्रभावबारे सल्लाह दिन सकिन्छ।

xi. कोचिङ केन्द्रले आफूले सञ्चालन गरेको मूल्याङ्कन परीक्षाको परिणाम सार्वजनिक गर्ने छैन । मूल्याङ्कन परीक्षालाई गोप्य राखी यसलाई विद्यार्थीको प्रदर्शनको नियमित विश्लेषणका लागि प्रयोग गर्नुपर्ने छ र शैक्षिक प्रदर्शन खस्कँदो अवस्थामा रहेका विद्यार्थीलाई यस दिशानिर्देशको व्यवस्थाअनुसार परामर्श प्रदान गरिनुपर्छ ।

## 11. परामर्शदाता तथा मनोवैज्ञानिकहरूको सहयोग

i. उच्च प्रतिस्पर्धा र विद्यार्थीहरूमाथि शैक्षिक दबाबका कारण कोचिङ केन्द्रहरूले विद्यार्थीहरूको मानसिक स्वस्थताका लागि पाइला चाल्नुपर्छ र आफ्ना विद्यार्थीहरूलाई अनावश्यक दबाब नदिई कक्षाहरू सञ्चालन गर्नु पर्छ। साथै, सङ्कटग्रस्त र तनावपूर्ण अवस्थामा रहेका विद्यार्थीहरूलाई लक्षित र दिगो सहायता प्रदान गर्न तत्काल हस्तक्षेपका लागि संयन्त्र स्थापना गर्नुपर्दछ।

ii. कोचिङ केन्द्रद्वारा परामर्श प्रणालीको विकास गर्ने र विद्यार्थी तथा अभिभावकका लागि सहजरूपमा उपलब्ध गराउने कुरा सुनिश्चित गर्न सक्षम अधिकारीले पाइला चाल्न सक्नेछ । मनोवैज्ञानिक, परामर्शदाताहरूका नामहरू र तिनीहरूले सेवा प्रदान गर्ने समयबारे जानकारी सबै विद्यार्थीहरू र अभिभावकहरूलाई दिनु पर्नेछ। विद्यार्थी र अभिभावकहरूलाई प्रभावकारी मार्गदर्शन र परामर्श गर्नका लागि कोचिङ केन्द्रमा प्रशिक्षणप्राप्त परामर्शदाता नियुक्त गर्न सकिनेछ ।

iii. मानसिक तनाव र अवसादको समाधानका लागि विद्यार्थीहरूलाई परामर्श दिन र मनोचिकित्सकीय सेवा प्रदान गर्न कोचिङ केन्द्रहरूलाई परामर्शदाताहरू र अनुभवी मनोवैज्ञानिकहरूलाई संलग्न गर्न प्रोत्साहित गरिन्छ।

iv. विद्यार्थीको रुचि, योग्यता र क्षमताको मूल्याङ्कन गर्न र तदनुसार विद्यार्थीहरू र उनीहरूका अभिभावकहरूलाई वास्तविक अपेक्षासहित सर्वोत्तम वृत्तिको विकल्प छनौट गर्नका लागि मार्गदर्शन गर्न र सल्लाह दिन वृत्तिसम्बन्धी परामर्शदाताहरूलाई आफ्ना संस्थामा समावेश गर्न सकिन्छ।

v. कोचिङ केन्द्रले अभिभावक, विद्यार्थी र शिक्षकका लागि मानसिक स्वास्थ्य तथा तनावको रोकथामसम्बन्धी नियमित कार्यशाला तथा सचेतना सप्ताहको व्यवस्था गर्न सक्नेछ । यसले स्वास्थ्यसम्बन्धी आधारभूत प्रशिक्षण, राम्रो पोषण, व्यक्तिगत र सार्वजनिक स्वच्छता, आपदा प्रतिक्रिया र प्राथमिक उपचार सँगसँगै रक्सी, सुर्ती र अन्य लागुपदार्थको अहितकारी र हानिकारक प्रभावहरूको वैज्ञानिक व्याख्यामा पनि ध्यान केन्द्रित गर्नुपर्छ। विद्यार्थीहरूको मानसिक स्वास्थ्य, प्रतिरोध क्षमता र उत्तरदायित्वपूर्ण स्वयंको हेरचाहका सन्दर्भमा केन्द्रद्वारा अभिभावकहरूका लागि आयोजित अन्तरक्रिया सत्रमा सकारात्मक अभिभावकत्वको विषयमा पनि जोड दिनुपर्छ।

vi. विद्यार्थीहरूलाई उनीहरूका सुधारका क्षेत्रहरूबारे प्रभावकारी र संवेदनशील रूपमा जानकारी दिन शिक्षकहरूले मानसिक स्वास्थ्यका विषयहरूमा प्रशिक्षण लिन सक्दछन्।

vii. परामर्शको एक भागका रूपमा कोचिङ केन्द्रले सहकर्मी समूह अन्तरक्रियाको स्थापना गर्नु पर्दछ। कोचिङ केन्द्रले छलफल, प्रतियोगिता र परियोजनासम्बन्धी समूह-आधारित पाठ्यक्रम अभ्यासहरूको आयोजना गर्न सक्छ।

viii. विद्यार्थीको शङ्कालाई कक्षामा अध्यापन गराउने शिक्षकले समाधान गरी विद्यार्थीलाई सन्तुष्ट पार्नु पर्नेछ।

ix. कोचिङ केन्द्रले संस्थामा मानसिक स्वास्थ्यको प्रवर्धनका लागि निम्नानुसारको संरचनाको अनुसरण गर्नेछः

| मानसिक स्वास्थ्य प्रवर्धनको ढाँचा | | |
|---|---|---|
| **समस्याको स्तर** | **संलग्न गर्नु पर्ने सरोकारवालाहरू** | **हस्तक्षेपको स्तर** |
| मानसिक स्वस्थता | सम्पूर्ण संस्थागत समुदाय | संस्थागत पाठ्यक्रममा मानसिक स्वस्थताको एकीकरण |
| मानसिक स्वास्थ्यसम्बन्धी ज्ञान मनोवृत्ति र व्यवहार | सबै विद्यार्थी र शिक्षकहरू | मानसिक स्वस्थता– सामान्य स्वास्थ्य पाठ्यक्रमको भाग |
| मनोसामाजिक समस्या | परामर्शदाता, शिक्षक, विद्वत् सल्लाहकारहरू, वार्डनहरू र नागरिकहरू | आवश्यक परेका विद्यार्थीहरूलाई अतिरिक्त सहयोग प्रदान गर्नु |
| गम्भीर समस्याहरू / विकारहरू | परामर्शदाताहरू, संस्थागत चिकित्सकहरू र अन्य विशेषज्ञहरू | व्यावसायिक व्यवस्थापन |

## 12. समावेशिता र पहुँच

i. कोचिङ केन्द्रले भर्ना तथा अध्यापन प्रक्रियाको क्रममा धर्म, जाति, जात, लिङ्ग, जन्मस्थान, वंश आदिका आधारमा कुनै पनि आवेदक/विद्यार्थीमाथि भेदभाव गर्ने छैन ।

ii. महिला विद्यार्थी, अपाङ्गता भएका विद्यार्थी र सीमान्तकृत समूहका विद्यार्थीजस्ता कमजोर समुदायका विद्यार्थीको बढीभन्दा बढी प्रतिनिधित्व लाई प्रोत्साहित गर्न कोचिङ केन्द्रले विशेष प्रावधान गर्नु पर्नेछ ।

iii. कोचिङ केन्द्रको भवन र वरपरको परिसर अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अधिनियम, 2016 का प्रावधानहरूअनुरूप दिव्याङ्गमैत्री हुनेछ ।

iv. शिक्षकहरूलाई अधिगम अक्षमताबारे संवेदनशील बनाएर अधिगम अक्षमता भएका विद्यार्थीहरूलाई सहज अनुभव गराउन सकिन्छ।

v. सम्भव भएसम्म ब्रेल, इ–रिडर, शौचालय आदि दिव्याङ्गमैत्री प्रावधान गर्न सकिनेछ ।

vi. शिक्षामा अतिरिक्त सहयोगको आवश्यकता परेका अपाङ्गता भएका विद्यार्थीहरूलाई समर्थन कक्षाहरू प्रदान गर्न सकिन्छ।

vii. शैक्षिक प्रदर्शनका आधारमा टोलीको पृथक्करण गरिने छैन, किनकि यसले विद्यार्थीहरूको मानसिक स्वास्थ्यमा प्रभाव पार्ने अत्यधिक दबाब सिर्जना गर्दछ। विद्यार्थीहरूको प्रवेश / नामाङ्कनका क्रममा टोलीहरू बनाउनु पर्दछ र पाठ्यचर्या पूरा नभएसम्म टोली परिवर्तन गर्न पाइने छैन।

## 13.

### अभिलेखको रेखदेख

i. कोचिङ केन्द्रले उपयुक्त सरकारले निर्धारण गरेअनुसारका अभिलेख, लेखा, रजिस्टर वा अन्य कागजातहरू राख्नु पर्नेछ रप प्रस्तुत गर्नु पर्नेछ ।

ii. कोचिङ केन्द्रले अभिलेखका लागि वार्षिक प्रतिवेदन सक्षम अधिकारीलाई बुझाउने सक्नेछ।

## 14.

### कोचिङ केन्द्रको स्थानान्तरणमा प्रतिबन्ध

पञ्जीकरण प्रमाणपत्रमा उल्लेख गरिएको स्थानमा मात्र कोचिङ केन्द्रले कोचिङ सञ्चालन गर्नेछ र यस सम्बन्धमा सक्षम अधिकारीको पूर्व लिखित स्वीकृति बिना पञ्जीकरण भएको स्थानबाहेक अन्य कुनै स्थानमा कोचिङ केन्द्रको स्थानान्तरण गरिने छैन ।

## 15.

### कोचिङ केन्द्रका गतिविधिको जाँच

सक्षम अधिकारी वा उपयुक्त सरकारबाट प्राधिकृत अन्य कुनै अधिकारीले कोचिङ केन्द्रका गतिविधिको निरन्तर जाँच गर्नेछ र कोचिङ केन्द्रको पञ्जीकरणका लागि आवश्यक योग्यता पूरा भएको र सन्तोषजनक गतिविधिका सम्बन्धमा कुनै पनि कोचिङ केन्द्रसँग सोधपुछ गर्नेछ।

## 16. उजुरीको निब्टाइ

i. कोचिङ केन्द्रका विद्यार्थी, अभिभावक वा शिक्षक/कर्मचारीले कोचिङ केन्द्रविरुद्ध र कोचिङ केन्द्रले विद्यार्थी/अभिभावकविरुद्ध सक्षम अधिकारीसमक्ष उजुरी दिन सक्नेछन्। सक्षम अधिकारी वा उपयुक्त सरकारले सो प्रयोजनका लागि गठन गरेको सोधपुछ समितिले तीस दिनभित्र उजुरी निब्टाउनु पर्नेछ।

ii. यथास्थिति सक्षम अधिकारी अथवा जाँचबुझ समितिको प्रतिवेदनमाथि सुनुवाइको अवसरदिएपछि सक्षम अधिकारीले जरिमाना लाउनु पर्नेछ वा पञ्जीकरण निरस्त गर्न कारबाही गर्नु पर्नेछ ।

### 17. दण्ड

(1) सक्षम अधिकारीलाई देवानी अदालतको अधिकार रहनेछ । सक्षम अधिकारीलाई देवानी कार्यविधि संहिता 1908 (1908 को केन्द्रीय अधिनियम सङ्ख्या 5) अन्तर्गत निम्नोल्लिखित कुनै मुद्दाको विचारार्थ अदालतमा निहित अधिकार रहनेछ:

i. शपथपत्रमार्फत प्रमाणसहित साक्ष्य ग्रहण गर्ने;

ii. कुनै व्यक्तिलाई बोलाउने र उपस्थित हुन बाध्य गर्ने, र शपथद्वारा उसको परीक्षा लिने,

iii. अभिलेखको प्रस्तुतिका लागि बाध्य पार्ने र

iv. व्यय निर्धारण गर्ने,

(2) पञ्जीकरण अथवा सामान्य सर्तहरूमध्ये कुनै पनि नियम र सर्तहरू उल्लङ्घन गरेमा, कोचिङ केन्द्र निम्नानुसारको जरिमानाका लागि उत्तरदायी हुनेछ:

i. पहिलो अपराधका लागि रु 25,000/-

ii. दोस्रो अपराधका लागि रु. 1,00, 000/-

iii. त्यसपछिको अपराधमा पञ्जीकरणको निरस्तीकरण।

### 18. पञ्जीकरण निरस्तीकरण

कोचिङ केन्द्रले दिशानिर्देशहरूको कुनै पनि प्रावधानको उल्लङ्घन गरेको छ वा कुनै पनि नियम र सर्तहरू, जसका अधीनमा पञ्जीकरण प्रदान गरिएको थियो, को उल्लङ्घन गरेको छ भन्ने कुरामा सम्बन्धित सक्षम अधिकारी सन्तुष्ट भए कोचिङ केन्द्रलाई प्रदान गरिएको पञ्जीकरणको प्रमाणपत्र, सम्बन्धित कानूनको उल्लङ्घनका लागि लिन सकिने कुनै पनि अन्य दण्डात्मक कार्यबाहीप्रति पूर्वाग्रह बिना, कुनै पनि समयमा निरस्त गरिनेछ।

तर त्यस्तो प्रमाणपत्र प्राप्त गरेको व्यक्तिलाई प्रस्तावित आदेशको विरुद्ध कारण देखाउने उचित अवसर नदिई सक्षम अधिकारीले त्यस्तो आदेश जारी गर्ने छैन।

### 19. पुनरावेदनको प्रक्रिया

कोचिङ  केन्द्रको पञ्जीकरण गर्न  वा पञ्जीकरण नवीकरण अस्वीकार गर्ने वा पञ्जीकरण निरस्त गर्ने आदेशबाट असन्तुष्ट कुनै व्यक्तिले त्यस्तो आदेश प्राप्त भएको मितिबाट  तीस दिनभित्र उपयुक्त सरकारले तोके अनुरूपको तरिकाले पुनरावेदन अधिकारीसमक्ष पुनरावेदन गर्न सक्नेछ ।